स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



"कबड्डी" जोडी दयाहाङ राई र विजय बरालको मुख्य भूमिका रहेको फिल्म "वरिष्ठ बलराम"को छायांकन सकिएको छ । गत फागुन १८ गते बुढानीलकण्ठ मन्दिरमा मुहूर्त गर्दै छायांकन सुरु गरिएको फिल्म ३६ दिनमा मंगलबार प्याकअप भएको हो । चितवन र हेटौंडामा छायांकन भएको फिल्मलाई कथाले मागेको लोकेसनमा चाहेजसरी खिचिएको निर्देशक सुरेन्द्र पौडेलले बताए ।

**आजको विचार...**



विषाक्त.... (दुई पेजमा)

मदन अधिकारी

कोराना महामारीअघि अभिनेता आकाश श्रेष्ठको फिल्ममा राम्रो माग थियो । त्यही मौकामा उनले पनि लगालग फिल्ममा काम गर्दै संख्या बढाए । तर, फिल्मको असफलता र अभिनयको आलोचना बढ्न थालेपछि यतिबेला उनी म्यूजिक भिडियोमा मात्र काम गरिरहेका छन् । दुई वर्षदेखि उनले फिल्म नै गरेका छैनन् । जसले गर्दा उनले फिल्ममा कामै पाउन छाडेको चर्चा चलिरहेको छ । के आकाशले फिल्म नपाएरै काम नगरिरहेका हुन् ?



❐ वर्ष ३० ❐ अंक २५५ ❐ २०८१ चैत २८ गते बिहीबार 10 April 2025, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाँच सय बढी श्रमिकहरुको नि:शुल्क स्वास्थ्य जाँच गर्दै निर्माणकर्मी संघ

**रामचन्द्र रायमाझी**

**पाल्पा, चैत २७/**निर्माण क्षेत्रका श्रमिक, मजदुर तथा निर्माणकर्मीहरुको साझा संस्था भवन तथा बाटो निर्माणकर्मी संघ पाल्पाले श्रमिक तथा निर्माणकर्मीहरुको नि:शुल्क स्वास्थ्य परीक्षण गरिरहेको छ । संघले निर्माण क्षेत्रमा कार्यरत पाँच सय ५० श्रमिकहरुको स्वास्थ्य जाँच गर्दै छ ।

युनाइटेड मिसन अस्पतालको प्राविधिक सहयोगमा उसले बुधबारदेखि श्रमिकहरुको स्वास्थ्य परीक्षण गरेको हो । पहिलो दिन तानसेन नगरपालिकाका ५ वटा वडाका एक सय ५० जनाको स्वास्थ्य जाँच गरिएको छ । दैनिक श्रममा व्यस्त हुँदा श्रमिकहरुलाई आफ्नो स्वास्थ्य अवस्थाबारे खासै जानकारी नहुने र स्वास्थ्य अवस्था जटिल भइसकेपछि मात्र हस्पिटल पुग्ने अवस्थाको सिर्जना नहोस् भन्ने उद्देश्यले शिविरमार्फत नि:शुल्क स्वास्थ्य परीक्षण गरिएको संघका अध्यक्ष सुरेश कर्माचार्यले बताए । उनले भने 'अधिकांस श्रमिकहरुमा चेतनाको अभावका कारण रोग पालेर बस्ने गरेका छन् । जब जटील अवस्था सिर्जना हुन्छ तब मात्र उनीहरु अस्पताल दौडिन्छन्, जसले गर्दा उनीहरु जोखिममा छन् भन्ने लागेर चेतनासँगै स्वास्थ्य परीक्षणको अभियान चलाएका हौं ।' अध्यक्ष









कर्माचार्यले निर्माण क्षेत्रमा काम गर्ने धेरै जसो श्रमिकहरुमा कुनै न कुनै समस्या रहेको बताए । उनले भने 'अधिकांस श्रमिकहरुमा आफुलाई उच्च रक्तचाप, सुगर भएको समेत थाहा छैन् तर जाँच गर्दा उक्त समस्या देखिने गरेको छ, यस्तो अवस्थाको अन्त्य गर्न हामीले सचेतनासँगै स्वास्थ्य परीक्षण गरिदिएका हौं ।' निर्माण क्षेत्रमा काम गर्ने सबै श्रमिकहरुको घर ठाउँमै पुगेर स्वास्थ्य जाँच, औषधि वितरणसँगै आवश्यक परामर्श दिने गरेको अध्यक्ष कर्माचार्यले बताए । उनले 'अब ६/ ६ महिनामा स्वास्थ्य परीक्षण गरिने र अहिले परीक्षण गराई औषधि सेवन गर्नेहरुको बेला-बेलामा फलोअफ गर्छौं ।

स्वास्थ्यकर्मीसहितको टोलीले ठाउँ-ठाउँमा पुगेर स्वास्थ्य जाँच गरिरहेका छन् । उनीहरुले स्वास्थ्य जाँचपछि आवश्यक औषधि र परामर्श समेत दिइरहेका छन् । चेक जाँच गर्दा अधिकांस श्रमिकहरुमा नसर्ने रोग बढी देखिएको युनाइटेड मिसन अस्पतालका डाईबेटिज काउन्सिलर दीपक विसीले बताए । उनका अनुसार पहिलो दिन परीक्षण गरेका मध्ये ५० प्रतिशतमा उच्च रक्तचाप र ३० प्रतिशतमा सुगर देखिएको छ । अन्य श्रमिकहरुमा ढाड दुख्ने, घोडा दुख्ने, कम्मर दुख्ने, छाला सम्बन्धी समस्या देखिएको काउन्सिलर विसीले बताए । अधिकांस श्रमिकले अल्कोहल बढी सेवन गर्नेहरुमा उच्च रक्तचाप र सुगरको समस्या बढी देखिएको उनको भनाई छ । विसीले भने 'हामीले चेक जाँच गरेर आवश्यक औषधि दिने गरेका छौं, त्यति मात्र होइन उहाँहरुलाई अल्कोहल नखान र खाएमा हुन सक्ने जोखिमका बारेमा परामर्श दिने गरेका छौं ।' *-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### आगलागीमा २० जनाको मृत्यु

**(रासस/एएफपी)**

**बेइजिङ, चैत २७/**उत्तरी चीनको हेबेई प्रान्तको एक नर्सिङ होममा आगलागी हुँदा २० जनाको मृत्यु भएको बेइजिङको सरकारी समाचार एजेन्सी सिन्ह्वाले बुधबार जनाएको छ ।

राजधानी बेइजिङबाट करिब १८० किलोमिटर उत्तरपूर्वमा रहेको लोङ्हुआ काउन्टीको नर्सिङ होममा मङ्गलबार राति ९:०० बजे (१३०० जिएमटी) आगलागी भएको हो । बुधबार बिहान ३:०० बजेसम्म २० जनाको मृत्यु भएको पुष्टि भएको सिन्ह्वाले जनाएको छ । "नर्सिङ होममा रहेका अन्य वृद्धवृद्धालाई थप अवलोकन र उपचारका लागि नजिकैको अस्पतालमा सारिएको छ", सरकारी समाचार एजेन्सीले जनाएको छ । सिन्ह्वाका अनुसार आगलागीको कारणबारे अनुसन्धान भइरहेको छ । नर्सिङ होमका लागि जिम्मेवार एक व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको काउन्टी सरकारले जनाएको छ । चीनमा शिथिल भवन संहिता र कार्यस्थल सुरक्षाप्रति अक्सर लापरवाह दृष्टिकोणका कारण घातक आगलागीहरू तुलनात्मक रूपमा सामान्य छन् । जनवरीमा बेइजिङको उत्तरपश्चिममा रहेको झाङजियाकोउ सहरको एक तरकारी बजारमा भएको आगलागीमा आठ जनाको मृत्यु र १५ जना घाइते भएका थिए । त्यसभन्दा एक महिनाअघि पूर्वी चीनको रोङ्चेङ सहरमा रहेको एक निर्माण स्थलमा भएको आगलागीमा नौ जनाको मृत्यु भएको थियो ।

# आज महावीर जयन्ती मनाइँदै




**पाल्पा, चैत २७/** आज चैत्र शुक्ल त्रयोदशी महावीर जयन्ती मनाइँदै छ । नेपालसहित विश्वभर छरिएर जैन धर्मका दिगम्बर तथा श्वेताम्बर दुवै सम्प्रदायले हर्षोल्लासपूर्वक मनाउँछन् । यस दिनलाई महावीर जन्मकल्याणक समेत भनिन्छ ।

करिब २६ सय वर्षअघि वैशाली गणतन्त्र (हाल भारत बिहारको मुजफ्फरपुर जिल्लाको बसाढ गाउँ) को क्षत्रीय कुण्डलपुरमा बाबु सिद्धार्थ तथा आमा त्रिशलाका तेस्रो सन्तानका रूपमा वर्धमानको जन्म भएको थियो । उनै बर्धमान पछि महावीर स्वामी बनेका थिए । महावीर स्वामी जैन धर्मका प्रवर्तक हुन् । उनी अहिंसाका प्रतीक थिए । उनको जीवन त्याग एवं तपस्याले ओतप्रोत थियो । जुन युगमा हिंसा, पशुबली, जातपातको भेदभाव थियो त्यसै युगमा जन्मिएका महावीरले संसारलाई सत्य एवं अहिंसाको पाठ पढाएका थिए ।

महावीरले आफ्ना अनुयायीहरूका लागि मोक्षका पाँच मार्ग अहिंसा, सत्य, अचौर्य, ब्रह्मचारी र अपरिग्रहका सिद्धान्तहरू परिपालन गर्न सिकाएका थिए । नेपालमा वैदिक, बौद्ध, जैन, शिखलगायतका समुदायबाट प्रत्येक वर्ष उत्साहपूर्वक महावीर जयन्ती मनाउने गरिएको छ । उनीहरुले महावीरलाई भगवानको रुपमा पुज्ने गर्दछन् ।

# लुम्बिनी प्रदेशमा चार सयभन्दा बढी सिँचाइ पूर्वाधार निर्माण

**लुम्बिनी, चैत २७/** लुम्बिनी प्रदेश सरकारले सिँचाइ पूर्वाधार विकासमा उल्लेखनीय प्रगति हासिल गरेको जनाएको छ ।

प्रदेश सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार प्रदेशमा हालसम्म ४०३ वटा सिँचाइ बाँध तथा मुहान निर्माण सम्पन्न भइसकेका छन् । ती सिँचाइ आयोजनामा पक्की नहर तथा कुलो निर्माणतर्फ पनि उल्लेखनीय प्रगति देखिएको छ । हालसम्म ८३२ किलोमिटर पक्की नहर निर्माण सम्पन्न भएका छन् । लिफ्ट सिँचाइ प्रणालीअन्तर्गत १०७ वटा आयोजना सञ्चालनमा छन् । जसमा चालु आर्थिक वर्षमा दुईवटा नयाँ योजना थपिएका छन् । सिँचाइ पहुँच विस्तारका लागि स्यालो र डिप ट्युबवेल जडानमा समेत जोड दिइएको छ । अहिलेसम्म ७५९ वटा स्यालो ट्युबवेल र २३२ वटा डिप ट्युबवेल जडान भइसकेका छन् । पम्प



हाउसको संख्या ३८६ पुगेको छभने सिँचाइ प्रयोजनका लागि ८२ वटा आयोजना विद्युतीकरण गरिएका छन् । पाइपलाइन विस्तार कार्यअन्तर्गत ७४७ किलोमिटर पाइपलाइन बिछ्याइएको मन्त्रालयले जनाएको छ । प्रदेशभर थप २१ हजार ५५ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याइएको छभने ७३ हजार ७६८ हेक्टर क्षेत्रमा सिँचाइ संरचनाको सुदृढीकरण गरिएको छ । नदी नियन्त्रणतर्फ २११ किलोमिटर तटबन्ध निर्माण भइसकेको छ, जसबाट दुई हजार ६३२ हेक्टर जमिन उकासिएको तथा १४ हजार ११९ हेक्टर जमिन र १७ हजार ४९८ घरधुरी सुरक्षित गरिएको छ ।

**५५ प्रतिशत भू-भागमा सिँचाइ सुविधा विस्तार**

लुम्बिनी प्रदेशमा ५५ प्रतिशत भू-भागमा सिँचाइ सुविधा विस्तार भएको प्रदेश सरकारले जनाएको छ । कुल सिँचाइयोग्य जमिनमध्ये ३३ प्रतिशत भू-भागमा मात्र बाह्रै महिना सिँचाइ सेवा उपलब्ध रहेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## वायु प्रदूषणको कहर

नेपाली आकाश यति बेला घुमैंलो देखिन थालेको छ । मौसमी प्रणालीमा आएको सामान्य परिवर्तनसँगै वायुमण्डलमा धुलो र धुवाँका तह जम्मा भएर प्रकाश छिर्न मुस्किल पर्ने गरी छेक्न थालेको छ । हिउँद महिनामा बर्सेनि देखिने यो समस्यासँगै वायु प्रदूषणको समस्या फेरि चर्चामा छन् ।

देशका काठमाडौं उपत्यका, पोखरा, विराटनगर, नेपालगञ्जजस्ता शहरी क्षेत्रहरूमा केही दिनदेखि देखिएको वायु प्रदूषणको प्रभाव अन्य जिल्लाहरुमा पनि देखिन थालेको छ । नेपालमा बढ्दो बायु प्रदूषण निकै चिन्ताको विषाय बनेको छ । प्रमुख शहरी क्षेत्रहरूमा धूलो, सवारीसाधनहरुले निकाल्ने धुवाँ, निर्माण कार्य तथा उद्योगधन्दाबाट निस्कने प्रदूषित पदार्थ, जङ्गलमा लागेको डढेलोबाट निस्किएको धुवाले हावालाई दूषित बनाएको छ ।

बेलाबेलामा पर्ने पानीले त्यसलाई केही मात्रामा भए पनि मत्थर गराउने गर्थ्यो तर यस वर्षाको हिउँदको यो समयसम्म पानी परेको छैन्, जसले गर्दा वायुमण्डल गुम्म भइरहेको छ । यसले मानिसहरूको स्वास्थ्यमा गम्भीर असर पार्दै आइरहेको छ । मानिसहरूमा श्वासप्रश्वास, छातीको रोग, आँखाको रोग, फोक्सोमा प्रभावका साथै मष्तिष्कघात तथा हृदयघातसमेत गराउनसक्ने चेतावनी विज्ञहरूले दिएका छन् । स्वस्थ बन्नका लागि गरिने प्रातः भ्रमणसमेत नगर्न उनीहरूले सुझाव दिएका छन् भने जरुरी कामलेबाहेक घरबाहिर ननिस्कन सुझाव दिएका छन् । जरुरी कामले घरबाहिर निस्कनै परे मास्क लगाउन पनि विज्ञहरूको सुझाव छ । मानिसका लागि स्वास्थ्य पहिलो धन हो र यसको ख्याल सबैले गर्नै पर्छ, । सबै व्यक्ति आफ्नो स्वस्थ्यका बारेमा सचेत रहनै पर्छ, यसले गर्दा प्रदूषणबाट पर्ने मारबाट जोगिन सकिन्छ । एकपटक पानी परेपछि हालको प्रदूषाण कम हुने भनिएको छ तर यो मानिसको काबुभन्दा परको विषाय हो । अन्यत्रबाट आउने आकाशीय प्रदूषाण रोक्न सकिँदैन तर हामी आफैंले भने लापरवाही गर्नु हुँदैन । सचेततापूर्वक काम गर्ने हो भने केही कमी आउन सक्छ । वायु प्रदूषाण केवल पर्यावरणीय समस्या होइन, यो मानव अस्तित्वसँग जोडिएको विषाय हो । राज्यले यसलाई राष्ट्रिय प्राथमिकतामा राखेर दिगो समाधान खोज्नुपर्छ र नागरिकहरूले पनि आफ्नो भूमिका निभाउनु आवश्यक छ । यसो गर्न सकियो भने मात्र वायु प्रदूषणको कहरबाट बच्न सकिन्छ ।

### Opinion @ Social Network

शिक्षा केवल कक्षाकोठामा सीमित होइन,
जीवनको हरेक पाटोमा यसको प्रभाव पर्छ। शिक्षित बनौं, सभ्य बनौं।
*(हिमाल लामाको फेसबुक स्टाटस https://www.facebook.com/lama.himal558)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विषाक्त वायु, उराठ मन, अस्तव्यस्त जनजीवन



**मदन अधिकारी**

*केही घन्टा खुला वातावरणमा बस्दा वा हिँड्दा श्वासप्रश्वासमा समस्या भएजस्तो हुने, घाँटीमा असहज भएर पोलेको महसुस हुने, आँखा पोल्ने जस्ता समस्या सबैले अनुभूत गर्न थालेका छन् । स्वास्थ्यमा देखिने यस्ता प्रत्यक्ष असरबाहेक धुम्म दिनमा मनस्थितसमेत उराठ हुने क्रम बढ्नु, यो विषाक्त वायुको प्रभाव नहोला भन्न सकिँदैन । हालैका दिनमा काठमाडौंको वायु गुणस्तर सूचकांक एयर क्वालिटी इन्डेक्स (एक्यूआई) ले 'अत्यन्त अस्वस्थकर' तह निरन्तर पार गरिरहेको छ । पार्टिकुलेट म्याटर २.५ को स्तर विश्व स्वास्थ्य संगठनको सिफारिसभन्दा ३३ गुणा भन्दा बढी १६० माइक्रोग्राम प्रति क्युबिक मिटर पुगिरहेको छ । यो केवल तथ्यांक होइनह हाम्रो स्वास्थ्य, हाम्रो बालबालिका र हाम्रो भविष्यमाथि सिधा खतरा हो । यो परिदृश्य बुझ्न हाम्रो हावा किन विषाक्त बन्यो भन्ने विषयमा चर्चा गर्न आवश्यक हुन्छ । विगत केही सातामा धेरै कारणले काठमाडौंको हावा श्वास फेर्न लायक छैन ।*

काठमाडौंको सडकमा हिँड्दा यस्तो लाग्छ- धुवाँ र कुहिरोले भरिएको कुनै अज्ञात शहरभित्र छु । स्वच्छ र चिसो महसुस हुने काठमाडौं उपत्यकाको हावा केही सातायता घातक वायुमा परिणत भइरहेको छ ।

केही घन्टा खुला वातावरणमा बस्दा वा हिँड्दा श्वासप्रश्वासमा समस्या भएजस्तो हुने, घाँटीमा असहज भएर पोलेको महसुस हुने, आँखा पोल्ने जस्ता समस्या सबैले अनुभूत गर्न थालेका छन् । स्वास्थ्यमा देखिने यस्ता प्रत्यक्ष असरबाहेक धुम्म दिनमा मनस्थितसमेत उराठ हुने क्रम बढ्नु, यो विषाक्त वायुको प्रभाव नहोला भन्न सकिँदैन ।

हालैका दिनमा काठमाडौंको वायु गुणस्तर सूचकांक एयर क्वालिटी इन्डेक्स (एक्यूआई) ले 'अत्यन्त अस्वस्थकर' तह निरन्तर पार गरिरहेको छ । पार्टिकुलेट म्याटर २.५ को स्तर विश्व स्वास्थ्य संगठनको सिफारिसभन्दा ३३ गुणा भन्दा बढी १६० माइक्रोग्राम प्रति क्युबिक मिटर पुगिरहेको छ । यो केवल तथ्यांक होइनह हाम्रो स्वास्थ्य, हाम्रो बालबालिका र हाम्रो भविष्यमाथि सिधा खतरा हो । यो परिदृश्य बुझ्न हाम्रो हावा किन विषाक्त बन्यो भन्ने विषयमा चर्चा गर्न आवश्यक हुन्छ । विगत केही सातामा धेरै कारणले काठमाडौंको हावा श्वास फेर्न लायक छैन । आसपासका डाँडामा लागेको डढेलोको धुवाँले उपत्यकालाई ढाकेको छ ।

कतिपय वन-जंगल क्षेत्रमा आगामी वर्षमा राम्रो घाँसपात पलाउने विश्वासका कारण आफैं जंगल डढेलो लगाउने गरेको सुनिन्छ, तर यसरी वायु विषाक्त बन्नमा डढेलो मात्र दोषी होइन । यथार्थमा भन्नुपर्दा, यो हामी आफैंले निम्त्याएको संकट हो । हामीले सडकमा पुराना र प्रदूषण फैलाउने गाडीहरू अत्यधिक मात्रामा दौडाएका छौं। विगतका वर्षहरुमा दुईपांग्रे सवारीमा देखिएको लहर अहिले चारपांग्रेतिर सर्दै गएको तथ्य सडकमा देखिने सवारी साधनको जामले स्पष्ट चित्रण गर्दछ । तसर्थ, काठमाडौंको वायु प्रदूषण बढ्नुको एउटा प्रमुख कारणका रुपमा अत्यधिक सवारी साधनको प्रयोगलाई पनि लिन सकिन्छ ।

काठमाडौं आसपासका क्षेत्रमा सञ्चालित इँटा उद्योगबाट निस्कने धुवाँको मुस्लो र चारैतिर एकसाथ भइरहेका निर्माण कार्यहरूबाट उत्पादन हुने धुलोका कणहरु पनि काठमाडौंको वायु विषाक्त बनाउनमा जिम्मेवार छन् । सडकहरु साँघुरो भएका कारण सडकबाटभन्दा बढी सडक किनाराबाट गाडी कुदाउने चलन काठमाडौंका लागि नौलो होइन । जसका कारण सडक किनाराको धुलोका कण हावामा मिसिन जान्छ । निर्माण कार्य सञ्चालन गरिरहँदा धुलोका कण हावामा मिसिन नदिनका लागि आवश्यक पूर्वतयारी नगर्दा काठमाडौंको हावा विषाक्त बन्दै गइरहेको छ । विगतका वर्षहरुको तुलनामा काठमाडौं उपत्यकामा फोहोर-मैला व्यवस्थापनमा तात्विक भिन्नता देखिएको छ । विशेषगरी काठमाडौं महानगरभित्र भएको फोहोर-मैला व्यवस्थापनको सराहनीय कार्यको त मुक्तकण्ठले प्रशंसा भइरहेकै छ । यति हुदाँहुदै पनि, खुला ठाउँमा फोहोर संकलन गर्ने तथा घरमा आफैं जलाउने चलन हटेको छैन । यी र यस्ता मानव सिर्जित क्रियाकलापका कारण मानिसले लिइरहेको सासमा प्रदूषण मिसिइरहेको छ ।

विषाक्त वायुका कारण जनस्वास्थ्यमा परेको असरलाई विश्लेषण गर्दा, चिकित्सकहरूले लगातार दिइरहेको चेतावनीलाई मध्यनजर गर्नुपर्ने हुन्छ । अस्पतालहरूमा दैनिक रूपमा आँखा पोल्ने, खोकी लाग्ने, श्वासप्रश्वासको समस्या हुने बिरामीको संख्यामा तीव्र वृद्धि हुँदै जानुले चिकित्सकहरूको चिन्ता जायज छ भन्ने पुष्टि गर्छ । फोक्सोका रोग विशेषज्ञहरूले विभिन्न छापा, अनलाइन तथा दृश्य मिडियामा हिजोआज अस्पताल आउने आधाभन्दा बढी बिरामीको समस्याको मूल कारण हावाको प्रदूषण भएको जिकिर गरेको पाइन्छ । यस्तो विषाक्त वायुको छोटो अवधिको सम्पर्कले नै निमोनिया, ब्रोनकाइटिस, दम बढाउन सक्छ भने दीर्घकालीन सम्पर्कले क्यान्सर, मिर्गौला, मुटु, मस्तिष्कघात र स्थायी श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउन सक्ने चिकित्सकहरूले बारम्बार सुझाव दिइरहेकै छन् । काठमाडौं वायु प्रदूषणले आक्रान्त भइरहँदा आजसम्म केही पनि काम भएको छैन भन्ने पक्कै होइन। विगतदेखि नै नेपालले केही सकारात्मक पहलहरू सुरु गरिरहेको छ । बढ्दो यातायातका चापसँगै विद्युतीय सवारी साधनको प्रयोग निरन्तर बढिरहेको छ । सन् २०२३/२४ मा नयाँ आयात भएका कार, भ्यान र जिपमध्ये लगभग ८० प्रतिशतभन्दा बढी विद्युतीय रहेको भन्सार विभागको तथ्यांकले देखाँउछ । सरकारको राष्ट्रिय निर्धारित योगदान २.० ले सन् २०३० सम्म ९० प्रतिशत निजी र ६० प्रतिशत सार्वजनिक सवारी साधन विद्युतीय बनाउने लक्ष्य राखेको छ, जुन अबको राष्ट्रिय निर्धारित योगदान ३.० मा अझै बढाउने सम्भावना देखिन्छ ।

निजी सवारी साधनका सन्दर्भमा लक्ष्य सान्दर्भिक नै हुने देखिए तापनि ठोस नीतिगत आधार निर्माण गर्न नसक्ने हो भने सार्वजनिक सवारी साधनसम्बन्धी महत्वाकांक्षी लक्ष्य बादलमा गरिने च्याउखेतीमा रुपान्तरित नहोला भन्न सकिँदैन । वास्तविक अर्थमा यी लक्ष्य प्राप्ति गर्ने हो भने, अत्यधिक सवारी साधनको प्रयोगबाट हुने वायु प्रदूषण नियन्त्रण गर्न धेरै यात्रु क्षमता भएका विद्युतीय बसहरू ल्याउने र प्रयोगलाई प्रोत्साहन गर्ने दिशामा राज्यको ध्यान जानुपर्ने देखिन्छ । यसका साथै सार्वजनिक यातायातलाई भरपर्दो र सहज बनाउने उपायका विषयमा गम्भीर समीक्षा र विश्लेषण गरी ठोष कदम चाल्न अत्यावश्यक देखिन्छ ।

अघिल्ला दशकहरूको तुलनामा इँटा भट्टालाई सफा प्रविधिमा रूपान्तरण गर्न थालिएको छ । तर आजका दिनसम्म आइपुग्दा पनि जुन गतिमा कार्य अगाडि बढ्नुपर्ने हो त्यो देखिँदैन । यदि वर्तमान पाठबाटै शिक्षा लिँदै प्रदूषण फैलाउने उद्योग तथा सवारी साधनहरूलाई नियन्त्रण गर्ने, कडा उत्सर्जन मापदण्ड लागू गर्ने र नमान्ने उद्योग तथा सवारीलाई कारबाही गर्ने कार्यको थालनी गर्न सके आगामी दिनमा वायु प्रदूषणको असरलाई न्यूनीकरण गर्न सकिन्छ । वायु प्रदूषणको प्रमुख कारकका रूपमा रहेको निर्माण कार्यहरूमा धूलो नियन्त्रणका लागि छिटपुटबाहेक यथेष्ट प्रयास भएको देखिँदैन । तसर्थ, निर्माणस्थलमा धुलो नियन्त्रण गर्न आवश्यक अनिवार्य बनाउने, ढाक्ने, पानी छर्कने आदि कार्य गर्नुपर्ने देखिन्छ । यसका साथै, फोहोर व्यवस्थापन सुधार गर्ने, खुला स्थानमा फोहोर जलाउन प्रतिबन्ध लगाउने र फोहोर व्यवस्थापनको प्रभावकारी विकल्प विकास गर्ने कार्यमा यथाशीघ्र लाग्न सके बाँच्नका लागि अपरिहार्य एक मुठी सास नै दूषित भयो भनेर कोकोहोलो मच्चाउनुपर्ने अवस्था आउने थिएन ।

वन-जंगलले ढाकेको क्षेत्रमा यथेष्ट हुदाँहुदै पनि वायु प्रदुषणको यो अवस्था आउनु नेपालकै लागि दुखद हो । अबको समयमा हरियाली विस्तार गर्ने कार्यलाई शहर वा शहर निकट केन्द्रित बनाउन आवश्यक देखिन्छ । खाली रहेका सार्वजनिक जग्गामा रुख रोप्ने, शहरी हरित क्षेत्रहरू विस्तार गर्ने कार्यमा अग्रसर हुने हो भने सास फेर्न चाहिने शुद्ध हावा नपाइने अवस्थाको अन्त्य हुनसक्छ । यसका साथै, शहर केन्द्रित सार्वजनिक सचेतना अभिवृद्धि गर्ने, नागरिकलाई प्रदूषणको स्रोत र असरबारे जानकारी दिने, सार्वजनिक सवारी साधनको प्रयोगमा उत्प्रेरणा जगाउने कार्य गरी वातावरण मैत्री बानीको विकास गर्न सके वायु प्रदूषणको कहर सदाका लागि अन्त्य गर्न सकिन्छ ।

आजको विश्वमा स्वच्छ हावाको सपना कति सम्भव छ भनेर विश्लेषण गर्नुपर्ने परिस्थिति सिर्जना हुनु दु:खदायी कुरा हो । हावा साझा स्रोत हो, यसले धनी-गरिब, बालक-वयस्क-वृद्ध, महिला-पुरुष छुट्याउँदैन । विगत केही हप्तामा विषाक्त वायु हरेक घरभित्र पस्यो, हरेक विद्यालयमा पुग्यो, हरेक फोक्सोमा घुस्यो। अब चुप लागेर बस्ने बेला होइन। काठमाडौंले धेरै सह्यो, अब समय आएको छ, हामीले आफ्नो जिम्मेवारी पूरा गर्ने। विगतमाझैं नीति तर्जुमाका सवालमा ठूला कुरा गर्ने तर कार्यान्वयनमा सिन्को नभाँच्ने प्रवृत्ति अन्त्य गर्न जरुरी छ ।

तीव्र गतिमा नीतिगत प्रतिबद्धता कार्यान्वयन गर्ने, नवप्रवर्तनको उपयोगमार्फत हावामा मिसिने विषाक्त धुवाँ धुलोको नियन्त्रण गर्ने र जीवनयापनमा वातावरणमैत्री आनिबानी अवलम्बनको संयोजनबाट नै शहरको स्वस्थ वायु फिर्ता ल्याउन सकिन्छ । अत: आजको समयमा एउटा मुख्य प्रश्नले सबैलाई पछ्याइरहेको छ- के हामी अहिले नै जाग्नेछौं ? वा, त्यो समय कुर्नेछौं, जब सास नै फेर्न नसक्ने अवस्थामा पुग्नेछौं ?

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल


| | |
|---|---|
| **मेष** : नयाँ योजना सुरु गर्न अनुकूल समय छ। लेनदेनमा होसियारी अपनाउनुहोस् । | **तुला** : आर्थिक पक्ष सबल बन्नेछ। अध्ययन र शिक्षामा सुधार आउनेछ। |
| **वृष** : आम्दानी बढ्ने सम्भावना छ। स्वास्थ्यमा सानो समस्या आउन सक्छ । | **वृश्चिक** : काममा व्यस्तता बढ्नेछ। नयाँ जिम्मेवारी आउन सक्छ । |
| **मिथुन** : मन अस्थिर रहन सक्छ। निर्णयमा ढिलाइ हुन सक्छ । | **धनु** : पठनपाठनमा मन जानेछ। भाग्यको साथ मिल्नेछ । |
| **कर्कट** : धन लाभका सम्भावना छन्। पारिवारिक सम्बन्धमा मिठास आउनेछ। | **मकर** : नयाँ काम थालनीको योग छ। काममा सराहना मिल्नेछ । |
| **सिंह** : व्यावसायिक क्षेत्रमा सफलता मिल्नेछ। आत्मबल उच्च हुनेछ । | **कुम्भ** : मानसिक तनाव घट्नेछ। वैदेशिक क्षेत्रबाट लाभ मिल्ने छ। |
| **कन्या** : सामान्य खर्च बढ्नेछ । नजिकका व्यक्तिबाट सहयोग पाइनेछ । | **मीन** : शुभ समाचार प्राप्त हुनेछ । पारिवारिक साथ सहयोग मिल्नेछ । |




समिक्षा ● पुष्कर अथक रेग्मी

# शोध खोज सोंच र ओजपूर्ण कृति : आत्मबोध




पाल्पा राज्यको जग रिब्दीकोट रियासतबाट शुरू भई पुरानाकोट हुँदै पाल्पा भएको हो । यही पाल्पा अहिले नेपालको लुम्बिनी प्रदेशको एक पहाडी जिल्लाकरो रूपमा अवस्थित छ । पाल्पालाई दुईवटा नगरपालिका र आठ वटा गाउँपालिकामा विभक्त गरिएको छ । जसमध्ये एउटा रिब्दिकोट गाउँपालिका पनि हो ।

माता शोभाकान्ता र पिता अम्बिका प्रसाद खनालका सुपुत्र भागवत खनालको जन्म पाल्पा रिब्दीकोट खस्यौलीमा भएको हरुो । भवानी माध्यमिक विद्यालय कुसुमखोलाबाट विद्यालय शिक्षा उतीर्ण गरी त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट वी.ए., त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट राजनीति शास्त्रमा स्नातकोत्तर र कानून स्नातक (एल एल बी) गरी प्रारम्भमा शिक्षण कार्य शुरूवात गरी माध्यमिक विद्यालयको प्रधानाध्यापक समेत भइ सरकारी सेवामा प्रवेश गरी ३६ वर्षसम्म राष्ट्रसेवक कर्मचारी रही हाल सेवा निवृत जीवन यापन गरिरहेका छन् । निवृत्त जीवनसँगै उनी नेपाली साहित्यमा सिद्धहस्त सशक्त लेखक साहित्यकारको रूपमा उदाएका छन् ।

विद्यार्थी जीवनदेखि नै लेखनारम्भ गरेका भागवतको कतिपय लेख रचनाका पाण्डुलिपिहरू हराईसकेका छन् । पहिला रचना २०४० सालमा गोरखापत्रमा प्रकाशित भएसँगै मधुपर्क, युवामञ्च, अन्नपूर्ण पोष्ट, राजधानी ,नेपाल समाचार पत्र, सेतोपाटी, बाह्रखरी, साहित्यपोष्ट, प्रशासन लगायतका पत्रपत्रिकाहरूका साथै अनलाइन पत्रिकामा प्रशस्तै लेख, रचना, निबन्ध, कथा, समीक्षाहरू प्रकाशित हुँदै आएका छन् । गत वर्ष सशक्त कथा संग्रह 'बाबा मेरो पि आर आयो' प्रकाशित गर्नु भएका साहित्यकार भागवत खनालको दोस्रो कृतिको रूपमा निबन्ध संग्रह आत्मबोध ( २०८१) सार्वजनिकरण भएको छ ।

प्रिय दाजु दुर्गाप्रसाद खनालद्वारा प्रकाशित, प्रिय पाठहरूमा समर्पित, भागवत खनालद्वारा लिखित, साहित्यपोष्टद्वारा वितरित 'आत्मबोध'को आवरण राजीव घिमिरेको रहेको छ । राजीव घिमिरे राष्ट्रकवि माधव घिमिरेमा सुपुत्र हुन । चित्र आफै बोल्छ भनेझैं घिमिरेले आवरणमा एक व्यक्ति स्वयंले स्वयंलाई अंगालो हाली अंकमाल गर्दै आत्मबोधलाई आत्मखोज, आत्मप्रेम, आत्मस्वीकृति र आत्मयात्रालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेका छन् ।

निबन्ध संग्रह 'आत्मबोध' भित्र वैयक्तिक, भावात्मक र विचारात्मक गरि तीन प्रकारका ३० वटा आत्मपरक निबन्धहरू संगृहित रहेका छन् । जसको सारलाई आंशिक रूपमै भए पनि मैले बुझेको आत्मबोधको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. मेरो प्यारो म : आमा भन्नुहुन्छ, "आफूभित्रको हरि नबिर्सनू", बाबाले भन्नुहुन्छ ,"कालभैरवको दर्शन गरेर जा "प्रश्न सोधिन्छ," तिम्रो सबैभन्दा प्यारो साथी को हो ?" उत्तर खोज्न लेखक भौतारिदै अनेक उदाहरण सोच्छन्, खोज्छन्, भेटछन् ,"म नै भूत वर्तमान र भविष्य हुँ, यसैले मेरो प्यारो म हुँ "भन्ने निष्कर्ष निस्कन्छ । मेरो प्यारो म भनेको म भित्रको हरि हो, हरि भन्नुनै श्रीकृष्ण हो ।

२. जीउन बहुत कठिन छ वत्स : जीउनलाई अनेक कारण चाहिन्छ , मर्नलाई मात्र एक बहाना चाहिन्छ भन्ने निष्कर्ष रहेको छ । भिष्मले गान्धारीलाई आशिर्वाद दिदाँ सत: पुत्रवती भव: भन्न खोज्दा जिव्रो चिप्लिएर शत: पुत्रवती भव: भनिदिए , जस्ले गर्दा सय पुत्र जन्मिए ।

३. मित्रताको मन्थन : हरेक सात सात वर्षमा एउटा घनिष्ट साथी फेरिन्छ र अर्को घनिष्ट साथीले हाम्रो जीवनमा स्थान लिन्छ ।

४.किन लेख्नु हुन्छ : लक्ष्य अरूलाई खुशी पार्नु होइन कि स्वनामधन्य स्वान्त सुखायको लागि हो ।

५. हरेक उचाइको तल एउटा खाडल हुन्छ : जीवनमा एउटाले नहारी अर्कोले जित्दैन । एउटाले नछाडी अर्कोले पाउँदैन । देवत्वकरण गरिएका व्यक्ति पनि एक दिन तल अवश्य झर्ने छन्, झरेकै छन् ।

६.बाको घर : आमालाई चिन्न सजिलो छ । बालाई चिन्न कठिन छ । आमा व्यक्त हुन्छिन् । बा अव्यक्त हुन्छन् । आमाको रूने ठाउँ हुन्छ , बाको रूने ठाउँ हुँदैन । जसले जे भनेनि बाबा घरका बृहस्पति हुन् । जसलाई जीवनभर अस्ताउने फूर्सद हुँदैन । लेखकले एक ठाउँमा आफ्नो बाबालाई बुद्ध बनाएका छन् ।

७. अनेकौं दु:शासन : दुर्योधन, दु:शासन,कर्ण र शकुनी हाम्रै समाजमा छन् तर विडम्बना हस्तिनापुरको दुर्योधन र दु:शासनलाई भीमले ठेगान लाईदिए । यहाँ विशेषत: कान्तिपुरका दुर्योधन, दुशासन र शकुनीलाई कस्ले ठेगान लाउने ? उल्टै उनीहरूको झनै प्रगति भइरहेको छ । कृष्ण, अर्जुन, विदुर, व्यासहरू अपहेलित भएका छन् ।

८. तानसेन तडप : तड्पी तड्पी अन्तत: मीठोसंग डा. रामप्रसाद ज्ञवाली, डा.टीकाराम पन्थी, डा. महेन्द्र प्रसाद प्रधान, गोविन्द बैध, ब्रह्मशेषर बज्राचार्य, कुलचन्द्र खनाल,दशरथमुनि शाक्य , कविराज दशरथमान सिंह, धिरेन्द्र प्रसाद श्रेष्ठ, सुरेश लिगल, सन्तोषलाल श्रेष्ठ, थोर्गेली होटल, इलाम होटल आदिलाई सम्झिएका छन् । तानसेनका राजेन्द्र गोपाल सिंह र पुष्कर रेग्मीलाई पनि सम्झदै गजवसँग लैला मजनूको किस्सा समेत जोडेका छन् ।

९. दरबार मार्गमा अढाई घण्टा : मनको बाध फिलिमको हिरो (सल्यान के.सी.) जस्तो हुन पाए त ? डा. चन्द्रमोहनजस्तो गुरु हुन पाए त ? डा. रामप्रसाद ज्ञवाली जस्तो प्रभावशाली वक्ता हुन पाए त ? संसारको सबैभन्दा तगडा मोटिभेसनल स्पिकर वासुदेव कृष्ण हुन पाए त ? राजेन्द्र गोपाल सिंहजस्तो उदार हुन पाए त ? पुष्कर अथक रेग्मीजस्तो शालीन हुन पाए त ? यस्तै अजवका प्रश्नोत्तरमा लेखक घोत्लिएका छन् ।

१०.साधारण - असाधारण : डाक्टर भन्दा कम्पाउण्डर, इन्जिनियर भन्दा ओभरसियर, पढेका भन्दा नपढेका ठेकेदार, हाइस्कूलको शिक्षक भन्दा प्रा.वि.शिक्षकमा ढुक्क (कन्फिडेन्स) हुन्छ । विश्वविद्यालयका प्रफेसर झनरै भ्रमित र दोधारे चरित्रका हुन्छन् । धेरै पढेका मानिस दोधारे हुन्छन् । पौराणिक साहित्यहरू हाम्रा पूर्वजका नासो हुन् । केलाई साधारण असाधारण मान्ने ?

११. सराबी साँझमा सदाचार सम्वाद : वेवकूफहरूको जमघट भइनै रहन्छ । म, तँ, तिमी, तपाईं , हजुर लगायतका पात्रहरू नै वेवकूफ हुन् । सदाचार र शिष्टाचार ढोंगी भएको छ ।

१२. म पनि कालीगण्डकीको सन्तान हुँ: कालीगण्डकी र आमाको महिमा स्तुत्य रहेको छ । रोचक प्रसंग यो छ कि, एउटा मान्छे निर्दोष थियो तर उसको कुरा सुन्न मान्न कोही तयार भएनन् । अन्तमा उसले रूदै कसम खायो, "ठिकै छ मेरो कुरामा विश्वास गरेनौ । परन्तु सावधान म पनि कालीगण्डकीको सन्तान हुँ" यस्तो कसम सुनेपछि अन्तत: उसलाई सबैले साथ दिए ।

१३. सबैको आफ्नै निजस्व हुन्छ : हरेक व्यक्तिको अन्तर फदयमा एउटा 'देव' हुन्छ । त्यही देवनै निजत्व हो । रूसोको महनीय उदगारले एउटै कुरा भनेको छ ,"प्रकृतिले मलाई खुशी हुनका लागि जन्माएको हो । यदि म खुशी छैन भने त्यो समाजको गल्ती हो ।"

१४. चिउरेनी ढिक एक अभिज्ञान : कडा र सिधा स्वभावका कुरा,मर्द र नामर्दका कुरा,आशा र निराशाका कुरा , विरह र उच्छृङ्खलताका कुरा हुने ठाउँ हो चिउरेनी ढिक । चिउरेनी ढिकका पनि आफ्नै नियम छन् । के के छन् त नियम कृपया निबन्ध पढनुहोस् ।

१५. किन बूढो भाको त : यो ट्याक्सीवालाको प्रश्न हो । विकसित देशमा बुढेसकालको सुरक्षा राज्यले गर्छ । हाम्रो जस्तो देशमा ज्येष्ठ जीवन यापन गर्न सजिलो छैन । हिड्ने बाटो र सग्लो फुटपाथ पनि छैन् । शान्ति र सुरक्षा त परै जावोस भन्ने मार्मिक कथनहरू छन् ।

१६. जीवनको मूल्य : जीवन के हो ? मूल्य के हो ? सुख के हो ? दुख के हो ? अभिमान के हो ? अल्पायु के हो ? बाँच्नु किन ? सच्चा सन्देश के हो ? जस्ता प्रश्नको उत्तर खोजी गरिएको छ । यक्षले युधिष्ठिरलाई सोधेको भन्दा पनि फरक प्रश्न लेखकले आफैंलाई सोधी आफैले जवाफ दिइएको छ ।

१७. विकीर्ण चिन्तन : सिद्ध मानिस प्रसिद्ध हुँदैन । प्रसिद्ध मानिस सिद्ध हुँदैन । पाठकको दिमाग चाटन सक्नु नै लेखकीय सफलता हो । दिमाग चाटने कसको र कसरी ? निबन्ध पढनुस् ।

१८. नग्नतादेखि नग्नतासम्म : न्युयोर्क शहरमा सर्वाङग् निवारण (नाङ्गो) सहितको सुन्दरी छन् भने त्यहीं बुर्का भित्रकि सर्वाङ्ग आवरण सुन्दरी पनि छिन् । मनुष्यको सहज प्रवृत्ति नग्नता हो । हामीहरू सबै नग्नताकै प्रतिफल हौं । खेलाडीले खुशीले कपडा फाल्छ, कलाकारले नाच्दा नाटक देखाउदा कपडा उताछौं । यसलाई नग्नता मान्ने कि नमान्ने ? यस्ता कपडा उतार्ने खेलाडी र कलाकार भन्दा कपडा लगाउने बुजुकहरूनै बढी नग्न छन् । अत: सत्य निवस्त्र छ र झूठले वस्त्र लगाएको छ ।

१९.सीमान्त चेतना : हाम्रो शिक्षाले इन्जिनियरलाई अछूत बनायो । प्राविधिक सीप भएका दक्ष नागरिकलाई दलित बनायो । किन यस्तो भयो ? कारण पत्ता लगाउन निबन्ध पढी समाजभित्र छिर्नुस ।

२०. हरपल कर्म पलपल जीवन : हामी जन्मेकै काम गर्नको लागि हो । हामीले जे गरेका छौं त्यहीनै कर्म हो । कसैले कसैको खुशी सजिलै सहन गर्न सक्छ भने त्यही नै सच्चा मित्र हो ।

२१. उधानमा बस गई : नब्बे वर्षको हजुरआमा र एक वर्षको भाइको दैनन्दिनीलाई तुलना गरिएको छ । गाइ चराउने गाउँकि एउटी भुल्लीलाई वृन्दावनको कान्हाको राधिका मानिएको छ । हाम्रा गाउँले जीवनसंग, वालापनसंग मिल्दोजुल्दो कथा, उपकथा,पटकथा र सम्वादहरू रहेका छन् ।

२२. त्यो मानव यो मानव : त्यो मानव बिना गुरु, बिना शिक्षा, बिना पाठशाला उत्कृष्ट थियो । यो मानव निकृष्ट छ र स्वघोषित श्रेष्ठ छ । पठितहरूका गुरु, नाइके, नेता, सल्लाहकार अपठित छन् । त्यो मानव सभ्य थियो, यो मानव असभ्य छ भन्दै मानव र मानवभित्रको दानवीय चरित्र देखाइएको छ ।

२३. देवता,कुब्जा सुन्दरी र बूढो खनियाको रूख : शीर्षकको प्रतीकात्मक निबन्धमा देवतासँग डर मान्नुपर्छ र त अनुशासन हुन्छ । कुब्जा सुन्दरी, प्राकृतिक सुन्दरीहरू माथिनै भगवानको अनुकम्पा हुन्छ । बूढो खनियाको रूखमा सह थियो । ढालेपछि सह गयो । सबकुरा गयो ।

२४. बुद्धिमानलाई पनि अर्तीको खाँचो छ : हरेक व्यक्ति पीडित छ । विज्ञ आफै अनभिज्ञ छ । शिक्षित र संभ्रन्त व्यक्तिले पनि अरूको सल्लाह लिनै पर्दछ। इज्जतका खातिर धेरै प्रश्नहरू अनुत्तरित छन् । जानेकाहरू मौन छन् । उत्तर दिनेहरू चुप छन् र त समाज डिप्रेसनउन्मुख भएको छ ।

२५. आँपको बगैंचामा जीवन दर्शन : प्रश्नगरिएको छ - दुख के हो ? सुख खोज्न जाँदा चढ्ने भर्याङ दु:ख हो ।

फेरि अर्को प्रश्न छ - सुख के हो ? सुख कहिल्यै नभरिने एक पिँध नभएको लोटा हो । उहिले र अहिलेको संसार असल र खराब दुवैको संगम हो । बाँकी जीवन दर्शन बुझ्नको लागि निबन्ध भित्र घोत्लिनुहोस् ।

२६. फेटेर दिनुस् : अमेरिकी स्वतन्त्रता संग्रामको शुरूवात चिया फालेर भयो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको उदय चिया उमालेर भयो । मलाई चिनी - पिसाब गर्ने रोग चिया सुन्दरीको पसलमा चिया धेरै पिएर भयो । अरू के के भयो त ? थाहा पाउनको लागि चियासँगै निबन्ध फेटेर पिउनुस् ।

२७. सानी काफ्लीबाट जीवनलाई नियाल्दा : पाल्पा राज्य पुरानाकोटको सम्झना गरिएको छ । काफल बोटको वरिपरि जीवन र जिन्दगी घुमेको छ । दलित 'शोभे' पण्डित भन्दा पनि उदाहरणीय पात्र बनेको छ । अनि निबन्ध भित्र सिसिफसको कथा पनि जोडिएको छ ।

२८. अतित रआत्मबोध : हामी सबै अतितका कैदी हौं । पौराणिक पात्र, ऐतिहासिक पात्र र आधुनिक पात्रहरूले नै हामीलाई लेखक साहित्यकार बन्न मार्ग प्रशस्त गरिदिएका छन् । अतीत भविष्यप्रति सावधानी सहित जिम्मेवारी बोध गराउने एक सिलसिला हो । अतित वेद हो । गीता हो । कर्म हो र सत्य हो । यही नै आत्मबोध हो ।

२९. मेरा : सुख पनि मेरा आफ्नैले दिन्छन् । दु:ख पनि मेरा आफ्नैले दिन्छन् । मेरालाई सबै कुरा भन । मेरालाई गरुोप्य कुरा केही पनि नभन । मेराबाट सबैभन्दा पीडित श्रीकृष्ण नै भए र त श्रीकृष्णले सबै मेराहरूलाई बध गर्नुभयो । को रहेछन् त तपाईं हाम्रा मेरा ? बाँकी सबै निबन्धबाट ।

३०.अचेल खस्यौली अबेरसम्म सुत्छ : देवाधिदेव महादेवले कैलासको आनन्दभूमिमा बस्न छाडेर संसार विचरण गर्दै हिडेझैं लेखक पनि जन्मभूमि, कर्मभूमि खस्यौली छाडेर हिड्नु भएको हो । तपाईं हामीहरू पनि इच्छाप्राप्तिका लागि भूस्वर्गभूमि घर आँगन छाडेर हिडछौं । अचेल खस्यौली लगायतका नेपाली गाउँहरूमा महिला सशक्तीकरण र स्वतन्त्रता छ । पूर्वेली सभ्यतालाई उन्मूलन गर्नका लागि पश्चिमी सभ्यताहरू भित्रदै छन् ।

कृष्णप्रसाद लाकौल ( १९५६/१९५७) ले 'तीर्थयात्राको डायरी' लेखेसँगै पाल्पामा निबन्ध साहित्यको विकास भएको हो । शास्त्रकवि माधव प्रसाद देवकोटाको वि.सं. १९८६ मा गोरखापत्रको वर्ष २९ अंक १३ मा 'मातृभाषा' शीर्षकको निबन्ध प्रकाशित भएसँगै निबन्धहरू लेखिदै र प्रकाशित हुँदै गएता पनि गोपीकृष्ण शर्माको 'नेपाली निबन्ध परिचय'( २०४०) पहिलो प्रकाशित कृति हो । पाल्पाबाट निबन्ध विधामा कृतिहरू प्रकाशित भएको जम्मा चार दशक बितेको छ । यी बिचका निबन्धहरू अधिकांस नियात्रा, संस्मरण,जीवनी र इतिहास एवं पौराणिक बर्णनात्मक रहेका थिए भने भागवत खनालद्वारा लिखित प्रस्तुत निबन्ध सङ्ग्रह' आत्मबोध' नेपाली निबन्ध विधामा नवीनतम् प्रयोग शैलीको रहेको छ । किनकि निबन्धमा सम्बादहरू हुँदैनथे, आत्मबरोधभित्र त सम्वादहरूको समेत मिठो संयोजन रहेको छ ।

प्रत्येक निबन्धलाई आदर्शवाद, मानवतावाद, अस्तित्ववाद, प्रकृतिवाद, प्रयोजनवाद, यथार्थवाद आदिको आधारमा पनि चर्चा परिचर्चा गर्न सकिन्छ । यसलाई फेरि गरूँला या त अन्य समीक्षकहरूले पनि गर्नु हुनेछ । समग्रमा भन्नुपर्दा कृति पठनीय, महनीय, मननीय, उदाहरणीय, संग्रहणीय र अनुन्धाननीय रहेको छ । निबन्धभित्र शीर्षकमा सार्थकता, विषयवस्तुमा बस्तुपरक गहनता, प्रस्तुतिमा दक्षता विज्ञता सहितको बौद्धिकता, निबन्धका पात्र चरित्रमा विविधता, परिवेशमा व्यापकता, भाषासंप्रेषणमा तार्किकता सहितको सरलता, स्वाध्ययनमा रस्वादन सहितको सहजता, उठानमा सशक्तता, अनुच्छेदमा कौतुहलता, शब्द वाक्य विन्यासमा कलाकारिता, समापनमा गन्तव्यता, भाषामा स्थानीयता, शैलीमा मौलिकता, उदाहरणमा हार्दिकता र सत्यता, चिन्तनमा आध्यात्मिकता,विचारमा दार्शनिकता, सामाजिकीकरणमा यथार्थता रहेका छन् । यसर्थ फ्रान्सेली विद्वान मोन्टेन र वेलायती विद्वान वेकनले दिएको परिभाषासँग ठ्याक्कै मेल खान जान्छ आत्मबोध । उनीहरूले भनेका छन्," एउटा असल निबन्धमा वस्तुपरकता, तार्किकता, बौद्धिकता, हार्दिकता र सत्यता हुनुपर्दछ ।"

राष्ट्रसेवक कर्मचारीको रूपमा रही मुलुक र जनताको सेवामा समर्पित व्यक्तित्व भागवत खनाल निवृत्त जीवनसंगै साहित्यको जनसंख्यामा पदार्पण गरेका छन् । "बाबा मेरो पिआर आयो" कथा संग्रह प्रकाशित गरी नेपाली वाङ्मयको फाँटमा अवतरण भएका भागवत खनाल निबन्ध संग्रह "आत्मबोध" सँगै सिद्धहस्त लेखक साहित्यकारको रूपमा स्थापित भएका छन् । बौद्धिक पाठकको माग गर्ने आत्मबोध शोध , खोज, सोंच र ओजपूर्ण निबन्ध कृतिको रूपमा रहने छ । भूतकालको विश्लेषण , वर्तमानको व्याख्या र भविष्यको संभावनाहरूलाई संयोजन गरी लेखिएको भागवत खनालको 'आत्मबोध' 'भागवत पुराण' जस्तै कालजयी बन्न सकोस् । शुभकामना !

***( लेखक पाल्पाका स्थापित स्रष्टा /समीक्षक हुन् )***


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

# बगनासकालीले गर्‍यो सामाजिक सुरक्षा भत्ता निकासा



**पाल्पा चैत २७**/जिल्लाको बगनासकाली गाउँपालिकाले चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता निकासा गरेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता बापतको ३ करोड १९ लाख ९८ हजार ९ सय ४५ रुपैंया निकासा गरेको हो ।

गाउँपालिकाभित्र ३ हजार १ सय ८७ लाभग्राही रहेका छन् । उनीहरुको भत्ता बापतको रकम नेपाल बैंकमा रहेको खातामा जम्मा गरिदिएको सामाजिक सुरक्षा शाखाले जनाएको छ । पालिकाले १ हजार ९ सय ९५ जना जेष्ठ नागरिकको लागि २ करोड ३६ लाख ८२ हजार २ सय ९४ रुपैंया, ज्येष्ठ नागरिक दलित १ सय ४४ जनाको लागि ११ लाख ४१ हजार १ सय चालिस लाभग्राहीको खातामा रकम जम्मा गरेको छ । यस्तैगरी २ सय ५५ जना ज्येष्ठ एकल नागरिकको लागि २० लाख ३४ हजार ९ सय, ४ सय ४८ विधवा आर्थिक सहायता अन्तर्गत ३५ लाख ५६ हजार ४ सय २० रुपैंया जम्मा भएको छ । गाउँपालिकाभित्र रहेका पूर्ण अपाङ्गता ५२ जनाको लागि ६ लाख १९ हजार ९४ नब्बे रुपैंया र ख वर्ग अपाङ्गता अन्तर्गत १०७ जनाको लागि ६ लाख ७८ हजार २ सय ८६ रुपैंया नेपाल बैंकको लागभ्राहीको खातामा जम्मा भइसकेको छ ।

गाउँपालिकाभित्र रहेका १८६ दलित बालबालिकाले बालपोषण अन्तर्गत पाउने २ लाख ८६ हजार ८ सय ११ रुपैंया समेत गरी ३ करोड बढी रकम लाभग्राहीको खातामा जम्मा भएको हो । नागरिकलाई सहज, सरल र सर्वसुलभ सेवाप्रदान गरिने उद्देश्यले वडातहमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण थालिएको गाउँपालिका अध्यक्ष सरस्वती दर्लामी चिदीले बताइन् । गाउँपालिका उपाध्यक्ष हरिप्रसाद पाठकले गाउँपालिकाले विगतदेखि नै नियमितरूपमा वडा तहमापुगेर सामाजिक सुरक्षा भत्ता वितरण लगायत अन्य शिविर नियमित सञ्चालन गरिएको जानकारी दिए ।

यसैबीच बगनासकाली गाउँपालिकाले बैंकसम्म पुग्न नसक्ने असक्त लाभग्राहीको लागि बैशाख ८ देखि १६ गते सम्म नेपाल बैंकसँगको सहकार्यमा वडामै पुगेर भत्ता वितरण गरिने एम.आई.एस. अपरेटर भोजराज भट्टराईले जानकारी दिए । अशक्त असहायहरुको लागि पालिकाले सहजीकरण गर्दै आएको एम.आई.एस.फिल्ड सहायक प्रेमबहादुर बगालेले बताए ।

# पाँच सय बढी श्रमिकहरुको...

...विहीबारसम्म चल्ने शिविरमा नगरभित्रका वडा न. १, २, ३, ४, ४, ५, ६, ७, ८, १० र १२ पुगेर निर्माण क्षेत्रमा काम गर्ने सम्पूर्ण श्रमिक तथा निर्माणकर्मीहरुको स्वास्थ्य परीक्षण गरिने संघका उपाध्यक्ष निलकण्ठ देवकोटोले बताए । उनले भने 'हामीले संघमा आवद्ध भएका सबै श्रमिकहरुको घर टोल र कार्यस्थलमै पुगेर स्वास्थ्य परीक्षण गरिरहेका छौं, उहाँहरु उत्साहका साथ शिविरमा आई चेक जाँच गरिरहनु भएको छ ।' साँझ बिहानको जोहो गर्न मुस्किल पर्ने श्रमिकहरूलाई नि:शुल्क स्वास्थ्य शिविरले ठूलो राहत मिल्ने संघका सचिव हुमराज बस्यालले विश्वास व्यक्त गरे । उनले भने' धेरैलाई आफुलाई सुगर, प्रेसर छ भन्ने सम्म हेक्का रहेन छ, जाँच गरेपछि मात्र उहाँले आफुहरुमा समस्या रहेको थाहा पाउनुभयो, यसले कम्तीमा पनि जोखिमबाट बच्न सर्तक त बनाउने भयो ।'

स्वास्थ्य उपचार गराउन आएका रामबहादुर गहाले आफ्नो स्वास्थ्यप्रति हामी आफैले लापरवाही गर्दै आएका रहेछौं भन्ने महशुस भएको भएको बताए । उनले निर्माणकर्मी संघले आफुहरु जस्ता श्रमिकहरुलाई अभिभाकत्व प्रदान गरेकोमा खुसी व्यक्त गरे । गाहाले श्रमिकहरूको स्वास्थ्य उपचार राज्यले नि:शुल्क गर्ने व्यवस्था गर्न सके हामी जस्ताहरूले अकालमा ज्यान गुमाउने अवस्थाको अन्त्य हुने समेत बताए ।

शिविरमा युनाइटेड मिसन अस्पतालका डाईबेटिज काउन्सिलर दीपक विसी, सिनियर मेडिकल असिष्टेनहरु दीपक कुंवर र विजय शर्माले श्रमिकको स्वास्थ्य जाँच गरिरहेका छन् । निर्माण कार्यलाई गुणस्तरीय र भूकम्पीय दृष्टिबाट मजबूद भवन निर्माण गर्नुको साथै संघमा आवद्ध रहेका श्रमिक वर्गको हकहितका विषयमा संघले विगतदेखि नै महत्वपूर्ण काम गर्दै आएको छ । उसले यति मात्र होइन श्रमिकको स्वास्थ्यपचार, दुर्घटनाबाट हुने मृत्युबाट परिवारमा पर्न जाने समस्या, सुत्केरी पोषणभत्ता, एकल महिला भत्ता, वृद्धाभत्ता, श्रमिकहरुको सामूहिक दुर्घटना बीमा, श्रमिक तथा निर्माणकर्मीका सन्तानलाई शिक्षाको लागि छात्रवृत्ति लगायतका राहतका कार्यक्रमलाई समेत उच्च महत्वका साथ लिएको छ ।

# लुम्बिनी प्रदेशमा चार...

...प्रदेश सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले कृषिमा उत्पादन वृद्धि गर्दै आर्थिक, सामाजिक र वातावरणीय सन्तुलन कायम गर्ने दीर्घकालीन सोचअनुरूप सिँचाइ पूर्वाधार विस्तारलाई प्राथमिकता दिएको जनाएको छ । मन्त्रालयअन्तर्गत सिँचाइ पूर्वाधार निर्माण, जलस्रोतको संरक्षण तथा प्रकोप व्यवस्थापनसम्बन्धी विविध कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

प्रमुख योजनाहरूअन्तर्गत दाङ जिल्लाका लागि प्रगन्ना सिँचाइ योजना र कपिलवस्तुको बाणगङ्गा सिँचाइ योजना सञ्चालनमा छन् । यिनको व्यवस्थापन र मर्मतका लागि छुट्टाछुट्टै सिँचाइ व्यवस्थापन कार्यालय स्थापना गरिएको छ । प्रदेश सरकारले सिँचाइ पूर्वाधार सुदृढीकरणमार्फत कृषि उत्पादकत्व वृद्धि, खाद्य सुरक्षाको स्थायित्व र वातावरणीय दिगोपनाको लक्ष्य लिएको स्पष्ट पारेको छ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सिँचाइमा उत्पन्न भएको पानीको सङ्कट समाधानका लागि वैकल्पिक उपायहरू अभ्यासमा ल्याउन सकिने बताएका छन् । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय लुम्बिनी प्रदेशले सिँचाइ दिवस २०८१ को अवसरमा यहाँ आयोजना गरेको कार्यक्रममा सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले पोखरी निर्माण गरी वर्षाको पानी सङ्कलन गरेर सिँचाइ तथा खानेपानी दुवैमा उपयोग गर्न सकिने योजना अघि बढाउँदा पानीको समस्या समाधान गर्न सकिने उल्लेख गरे । मुख्यमन्त्री आचार्यले पानीका स्रोतको संरक्षण र मितव्ययी प्रयोगमा ध्यान दिनुपर्ने उल्लेख गर्दै जमिनमुनि र सतह दुवै तहको पानीको स्रोत क्रमश: घट्दै गएकाले सिँचाइ आयोजनासमेत रुग्ण अवस्थामा पुगेकोप्रति चिन्ता व्यक्त गरे । कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री सीता शर्मा चौधरीले प्रदेश सरकारले सिँचाइ आयोजनातर्फ पर्याप्त बजेट विनियोजन गरी आयोजना निर्माणका कामलाई अगाडि बढाएको बताए । *-रासस*

## खेलकुद समाचार

# कतारमाथि नेपालको सहज जित



**काठमाडौं, चैत २७**/हङकङमा बुधबारदेखि सुरु भएको टी-२०आई क्रिकेट प्रतियोगिताको पहिलो खेलमा नेपालले सहज जित निकालेको छ । नेपालले कतारलाई ८ विकेटले हराएको हो ।

कतारले दिएको १५२ रनको लक्ष्य नेपालले १७ ओभरमा २ विकेटको क्षतिमा पूरा गर्‍यो । ओपनर कुशल भुर्तेलले सर्वाधिक ३८ रन बनाए भने कप्तान रोहित पौडेल ३७ रनमा अविजित रहे । आसिफ शेखले ३३ रन बनाउँदा बसिर अहमद ३० रनमा अविजित रहे । कतारका मुजीब उर रेहमानले २ विकेट लिए । खेलमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको कतारले नेपाललाई मध्यम लक्ष्य प्रस्तुत गरेको थियो । कतारले २० ओभरमा ५ विकेट गुमाएर १५१ रन बनायो । कप्तान इक्रमुल्लाह खानले अर्धशतक बनाए । ५४ बलमा ५४ रन बनाएका उनले ५ चौका र २ छक्का प्रहार गरे । शाहजैब जमिलले ३१ तथा मुजीब उर रेहमानले अविजित २० र मुहम्मद इर्शादले अविजित १८ रन बनाएर फिनिस गरे । नेपालका लागि करण केसी, सोमपाल कामी, नन्दन यादव, गुल्शन झा र ललित राजवंशीले एक/एक विकेट लिए । पेस बलर नन्दन यादवले राष्ट्रिय क्रिकेट टोलीबाट डेब्यू गरेको पहिलो खेलमै विकेट प्राप्त गरेका हुन् । नन्दन यसअघि एकदिवसीय टिममा परेपनि डेब्यू भने गर्न बाँकी छ । टी-२०आई टोलीमा परेको पहिलो खेलमै नन्दनले डेब्यूको मौका पाएका हुन् । यस प्रतियोगितामा हङकङ, नेपाल, कतार र कुवेत सहभागी छन् । नेपालले दोस्रो खेल बिहीबार कुवेतसँग खेल्ने छ ।


**वर्गिकृत डिस्प्ले**


*१ X ५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक बढ्यो, कारोबार रकम भने घट्यो



**पाल्पा, चैत २७**/बुधबार नेप्से परिसूचक बढेको छ ।

नेप्से ९.६६ अंकले बढेर २६७६.२८ विन्दुमा बन्द भएको छ । यसदिन कारोबार रकममा भने गिरावट आएको छ । मंगलबार पाँच अर्ब ३० करोडको सेयर कारोबार भएकोमा बुधबार चार अर्ब ४८ करोडको कारोबार भएको छ । यो रकम अघिल्लो दिनको तुलनामा ८२ करोड रूपैयाँ कमी आएको हो ।

बुधबार ३१७ वटा धितोपत्रको एक करोड ७३ हजार ८२२ कित्ता सेयर किनबेच भएको हो । बुधबार १५४ कम्पनीको सेयर मूल्य बढेको छ भने ९० वटाको घटेको छ। यस्तै, एक कम्पनीको मूल्य स्थिर रहेको छ । यसदिन नेपाल माइक्रो इन्स्योरेन्सको मूल्य सर्वाधिक ९.९८ प्रतिशतले बढेको छ । उक्त कम्पनीको प्रतिकित्ता मूल्य ३६५ रूपैयाँ ७० पैसा पुगेको छ । यस्तै, विन नेपाल लघुवित्तको सेयर मूल्य ७.९९ प्रतिशतले बढेर प्रतिकित्ता मूल्य तीन हजार २३८ रूपैयाँ ५१ पैसा कायम भएको छ । बुधबार सिन्धु विकास बैंकको मूल्य सर्वाधिक ७.४७ प्रतिशतले घटेर प्रति कित्ता मूल्य एक हजार ११२ रूपैयाँ १० पैसामा झरेको छ ।

यस्तै, गुराँस लघुवित्तको मूल्य २.७३ प्रतिशतले घटेर प्रतिकित्ता मूल्य दुई हजार ८४० रूपैयाँ ०७ पैसा कायम भएको छ । बुधबार एनआरएन इन्फ्रास्टक्चरको सर्वाधिक कारोबार भएको छ । कम्पनीको प्रतिकित्ता एक हजार ७१७ रूपैयाँमा ४२ करोड ७५ लाख रूपैयाँको सेयर कारोबार भएको छ । यो मूल्य अघिल्लो दिनको तुलनामा २.५६ प्रतिशत घटेको हो ।

सर्वाधिक सेयर खरिद-बिक्री हुने दोस्रो कम्पनीमा सिइडिबी होल्डिङ्स रहेको छ । उक्त कम्पनीको प्रतिकित्ता दुई हजार ४४० रूपैयाँमा ३० करोड २२ लाख बराबरको सेयर कारोबार भएको छ । यसदिन कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये बैंकिङ र व्यापार समूहको परिसूचक घटेको छ भने बाँकी ११ समूहको परिसूचक बढेको छ । यसदिन होटल्स तथा पर्यटन समूहको परिसूचक सर्वाधिक २.४४ प्रतिशतले बढेको छ ।





हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई